जोखीम समुदाय विकाश योजना (**VCDP**) प्रतिवेदनको शारंस

१. परिचय

नेपालमा जडित कुल विद्युत क्षमता ६९७.८ मेगावाट मध्ये जलविघुतको योगदान ६४४.३ मेगावाट रहेको छ भने ५३.४ मेगावाट तापिय विघुत र ०.१ मेगावाट शौर्य शक्तिको योगदान रहेको छ । उर्जाको माग र आपुर्ति विचको अन्तरको कारणले देशले हाल १२ घण्टा भन्दा वढी लोडसेडीङ्ग खेप्नु परिरहेको छ । जसको कारणले देशको उत्पादन क्षेत्रको साथै सेवा र सम्रग देशको आर्थीक विकाशमा समेत नकारात्मक असर परिरहेको छ ।

देशमा विद्‌यमान रहेको एकिकृत प्रशारण प्रणालीमा निर्माणाधीन हेटौंडा–भरतपुर २२० के.भी. प्रशारण लाइनको महत्वपूर्ण भुमिका हुनेछ किनकी यो आयोजना नेपालको मध्य भागमा रहेकोले देशको पश्चिमी क्षेत्रमा उत्पादन हुने विद्‌युत माग वढी हुने पुर्वी क्षेत्रमा प्रभाव गर्न सहज हुनेछ । जसले देशको उर्जा क्षेत्रमा रहेको माग र आपुर्ति विच सन्तुलन कायम गराई समग्र देशको सन्तुलित आर्थिक विकाशमा समेत टेवा पु¥याउने छ ।

२. आयोजना संवन्धी विवरण

प्रस्तावित प्रसारण लाइन आयोजना मध्य नेपालको २ जिल्ला चितवन र मकवानपुर अन्तरर्गत पर्ने महाभारत पवर्तको तल्लो रेन्ज र चुरे रेन्ज हुदै जान्छ । जसको कुल लम्वाई ७२ किलो मीटर छ । यस आयोजनाको अधिकांश भाग बन क्षेत्रमा पर्दछ भने बाँकी भाग खेतीयोग्य जमीन ,वगर, खोला र वाटो क्षेत्रमा पर्दछ । यो आयोजना मकवानपुर जिल्ला हेटौंडा नगरपालीका वडा नं.१ चौकीटोलमा रहेको विद्‌यमान सवस्टेसनवाट सुरुभइ चितवन जिल्लाको भरतपुर नगरपालीका वडा नं। ११ स्थीत जलदेवी सामुदायिक वन क्षेत्रमा रहने नयाँ सवस्टेसनमा आइ टुङ्गने छ । यसको अतिरीक्त यस आयोजना हेटौंडा नगरपालीका वडा नं.१ भैरव डाँडा देखी हेटौंडा नगरपालीका वडा नं.११ थानाभ¥याङ्गमा निर्माणाधीन नयाँ सवस्टेसन सम्मको २ कि.मी. खण्ड चार सर्किटको हुने गरी विस्तार गरिने छ । प्रस्तावित यस आयोजनावाट चितवन जिल्लाको ८ गा. वि. स. र १ नगरपालीकाको साथै मकवानपुर जिल्लाको २ गा वि स र १ नगरपालीका गरी जम्मा १० गा. वि. स. र २ नगरपालीका प्रभावित हुने छन् ।

यस आयोजना अन्तरगत बन्ने टावरहरुको औसत उचाइ ४५ मी र टावरको आधार औसत १२.५ मी × १२.५ मी को हुने छ । यो टावर डवल सर्कीटको तार राख्नसक्नेगरी निर्माण हुनेछ । एक टावर देखी अर्को टावर विचको दुरी औसत ३५० मी र प्रसारण अधिकार सिमा (ROW) ३० मी ९केन्द्र देखी दाँया १५मी वायाँ १५ मी० को हुनेछ ।

यस आयोजनाको रुट छनौट गर्दा प्राविधीक पक्षको अतिरिक्त अन्य सामाजिक विषयबस्तुहरु जस्तै वसोवास क्षेत्र, धार्मीक तथा संस्कृती क्षेत्र , स्कुल र अन्य सामाजिक संरचनाहरुलाइ समेत ख्याल गरी सकभर यस्ता संरचनाहरु नपर्ने गरी छनोट गरीएको छ । यस आयोजनाले सवस्टेसन र टावर राख्ने जमीन गरी जम्मा ६.९० हेक्टर व्यक्तीगत जग्गा अधिग्रहण गर्नेछ । यस आयोजनाको निर्माण अवधी २ वर्षको हुनेछ जसमा ४० जना दक्ष, ६० अर्धदक्ष र १५० अदक्ष गरी जम्मा २५० कामदारहरु संलग्न हुनेछन् । अदक्ष कामदारहरु सम्भब भएसम्म स्थानीय हुनेछन् ।

३. अध्यन विधि

जोखीम समुदाय विकाश योजना सामाजिक प्रतिवेदन तयार गर्ने सिलसिलामा प्राथमिक र द्‌धितीय तथ्याङ्कक दुवैको सहयोग लिइएको छ । प्राथमिक तथ्याङ्क संकलनमा गुणात्मक र परिणात्मक दुवै अनुसन्धान विधीको

प्रयोग गरिएको छ । यस प्रतिवेदन तयार पार्दा सन्दर्भ सामाग्रीको पुनरावलोकन ,१४७ घरधुरीको सामाजिक र आर्थीक सर्वेक्षण , १० ठाउँमा सहभागीता मुलक ग्रामीण लेखाजोखा कार्याक्रम, बजार सर्वेक्षण र सम्वधीत जिल्लाका सरोकारवाला निकाय तथा व्यक्तिहरुसंग अन्तरकृया गरिएको थियो ।

सामाजिक प्रभाव मुल्याङ्कन प्रतिवेदन तयार गर्दा लिइएको तथ्यांङ्क र संवन्धीत विषयका विशेषज्ञहरुवाट दिइएको सुझावको आधारमा जोखीम समुदाय विकाश योजना (VCDP) प्रतिवेदन पनी तयार पारीएको छ । जोखीम समुदाय विकाश योजना प्रतिवेदन विश्व वैंकको प्रचलित निति तथा नेपाल सरकारको प्रचलीत नितिनीयम तथा कानुनी व्यवस्था आदीको अधीनमा रही तयार पारिएको छ ।

आयोजनाका जोखीम समुदाय विकाश योजना घरधुरीलाइ ३ श्रेणीमा विभाजन गरेको छ ।

१. टावरले प्रभावित पारेको घरधुरी

२. सवस्टेसनले प्रभावित पारेको घरधुरी

३. प्रसारण लाइन अधिकार सिमामा परेको घरधुरी

आयोजना प्रभावित माथीका घरधुरीहरुलाइ निम्न अनुसार विभाजन गरीएको छ ।

क) कम प्रभाव पर्ने घरधुरी ः जसको जग्गाको कुल स्वामीत्वको १० % भन्दा कम क्षती भएको छ ।

ख) बढी प्रभाव पर्ने घरधुरी ः – जसको जग्गाको कुल स्वामीत्वको १० % भन्दा बढी क्षती भएको छ र जसको घर÷टहरा जस्ता संरचना समेतको क्षती हुन्छ ।

ग) अति जोखिम युक्त घरधुरी ः– महिला घरमुली भएको घरधुरी, एकल महिला, दलीत घरधुरी आदी यस अन्तरर्गत पर्दछन् ।

यस प्रतिवेदन तयार पार्दा , आयोजना वाट प्रभावित ३९ घरधुरी जोखिमयुक्त समुदायका थिए जुन समुदायको सामाजिक आर्थीक अवस्थाको सर्वेक्षण गरीएको थियो ।

४. नीतीको समीक्षा

आयोजनाको जोखीम समुदाय विकाश योजना र सामाजिक प्रभाव मुल्याङ्कन प्रतिवेदन तयारपार्दा प्रस्तावकले नेपाल सरकारको वर्तमान ऐन नीयमको साथै प्रमुख दातृनिकाय विश्व वैंकको सामाजिक सुरक्षा नितिको समेत पालना गरेको छ । साथै देशमा प्रचलीत विद्यमान ऐन जस्तै जग्गा प्राप्ती ऐन , स्थानीय स्वायत्त साशन ऐन , विद्युत ऐन तथा नियमावली ,विश्व श्रम संगठनको माहासन्धी आदिको पनी समीक्षा गरीएको छ ।

५. सरोकारवाला संग अन्तरकृया, छलफल तथा गुनासो व्यवस्थापन

यस प्रतिवेदन तयार गर्दा सरोकार वाला व्यक्ति तथा संघसंस्थासंग वृहत छलफल गरिएको थियो । छलफलको क्रममा सरोकारवालाहरुले उठाएका सबालहरु जस्तै जग्गा घरको उचित छतीपुर्ती, जिवनस्तर सुधारका कार्यक्रमहरु, रोजगारी, प्रशारण लाइनको वैकल्पीक व्यवस्था, प्रभाव न्युनीकरणका कार्यक्रम तथा जिवनस्तर वृद्धि संवन्धी

कार्यक्रम तथा उपाय , छति भएको संरचना निर्माण तथा सामुदायीक विकाश सहयोग कार्यक्रमआदिको वारेमा छलफल भएको थियो ।

आयोजनाको कार्यान्वयनको क्रममा उठेका र उठ्नसक्ने व्यक्तिगत तथा संस्थागत समस्या तथा विवाधित विषयहरु संमाधान गर्न एउटा समस्या सुनुवाइ तथा समाधान संयन्त्रको निर्माण गरीनेछ यस संयन्त्र मार्फत व्यक्तिको व्यक्तीगत सम्पती र सार्वजनिक सम्पती तथा जग्गाको बिबाध समाधानको उपायको खोजी गरिने छ । कवातावरण तथा सामाजिक व्यवस्थापन इकाइ कार्यालयले एक समस्या विवरण दर्ता पुस्तीकाको व्यवस्था गर्ने छ । उक्त पुस्तीकामा संवन्धीत सवैसरोकार वालाहरुले व्यक्तीगत सम्पतिमा भएको क्षती र आयोजना निर्माणको चरणमा आउने समस्याहरुका वारेमा विवरण दिन सक्केछन । यस्तो उजुरी समस्या सुनुवाइ तथा समाधान सँयन्त्रमालागी समस्या समाधानको प्रयास गरीने छ ।

६. आयोजना प्रभावित परिवारहरुको आधारभूत अवस्था

सर्वे गरिएका ३९ जोखीम समुदायका घरधुरीहरुमा १०७ जना पुरुष र ११५ महिला गरी जम्मा २२२ जनसंख्या छ । जसमा पुरुष महिला जनसंख्या प्रतिशत क्रमस ४८.२०% र ५१.८% छ । जसमा घरधुरीको औषत आकार ५.७ छ । जोखिम युक्त जनसंख्याको औषत साक्षरता दर ६८.८०% छ । कृषी , ज्यालादारी, साना व्यापार र मजदुरी जोखिमयुक्त जनसंख्याकाको मुख्य पेशा रहको े छ । घरधुरी सर्वेक्षरणमा जोखिम युक्त जनसंख्याको ६३.९६% मानिस आर्थीकरुपमा सक्रीय छन् । सर्वेक्षणमा परेकाहरुको औसत वार्षीक आम्दानी रु १,३५,३४२ पाइयो । कुल आम्दानीको ९२.४९% गैर कृषी क्षेत्रको योगदान रहेको छ ।

७. प्रभाव मुल्याङ्कन

जोखिम युक्त समुदायमा परेको मुख्य प्रभाव हरुमा ०.०९८ हेक्टर जमीन अधिग्रहण, ३३ घर र १२ गोठको स्थान्तरण र ४२ निजी रुखहरुको कटान हुन ।

८. प्रभाब न्यूनिकरणका उपायहरु

आंकलन गरिएका नकरात्मक प्रभावहरुको न्युनिकरणको निमीत्व सुहाउँदो न्युनीकरणका उपायहरुको प्रस्ताव गरिएको छ । यस जोखीम समुदाय विकाश योजना प्रतिवेदन कार्यान्वयन गर्दा निम्न लिखित प्रभाव न्युनिकरणका उपायहरुको अवलम्वन गरिने छ ।

क. निजि सम्पत्ती (जग्गा, घर, टहरा, रुख आदि ) को प्रतिस्थापन मुल्य वरावरको क्षतिपुर्ति दिइने छ ।

ख. जुन व्यक्तिको घर पुनःस्थापना गर्नुपर्ने छ त्यस्ता व्यक्तिहरुको लागी स्थान्तरण खर्च, यातायात खर्च,घरभाडा खर्च आदि समेत उपलब्ध गराईने छ ।

ग. जिविकोपार्जनको निमित्व प्रभावित व्यक्तिहरुको लागी विभिन्न प्रकारका सिप विकाशका तालिम कार्यक्रमहरु संचालन गरीने छ जसवाट व्यक्तिको आयस्तरमा वृद्घी हुनेछ ।

यसका अलावा समुदाय सहयोग कार्यक्रम,पशुपालन तालीम र सहयोग, सिलाई बुनाइ र सहयोग कार्यक्रम, मोवाइल मर्मत तालीम र फर्नीचर तालीम आदिको प्रस्ताव गरीको छ ।

९.संस्थागत व्यवस्थापन

आयोजनको सम्पुर्ण व्यस्थापकिय कार्यको दाइत्व हेटौंडा–भरतपुर २२० के भी प्रशारण लाइन आयोजनाको हुने छ । केन्दीय र आयोजना तहगरी  जम्मा २ तहमा आयोजनको संस्थागत व्यवस्थापन गर्ने व्यवस्था गरिएको छ । केन्दीय तहमा वातावरण तथा सामाजिक अध्ययन विभाग,उर्जा मन्त्रालय, विद्युत विकाश विभाग आदी कार्यालयहरुले जोखिम समुदाय विकास योजना प्रतिवेदनको कार्यान्वयनमा अनुगमन गर्ने छन् । यस्तै आयोजना तहमा आयोजना प्रमुख, जग्गा अधिग्रहण तथा पुनःस्थापना इकाइ ,वातावरण तथा सामाजिक व्यवस्थापन इकाइ ,क्षतीपुर्ती निर्धारण समिति, ठेकेदार र जिल्ला स्थीत सरोकारवाला निकायहरुले आयोजनाको अनुगम तथा नियमन गर्ने छन् । यस जोखिम समुदाय विकास योजना प्रतिवेदनको कार्यान्वयन अयोजनाको निर्माण संगै २ वर्ष भित्र पुरा गरिने. छ ।

१०.अनुगमन तथा मुल्याँङ्गन ः

जोखिम समुदायक विकाश योजना प्रतिवेदन कार्यान्वयनको निमित्व केन्द्रीय र आयोजनाको तहमा व्यवस्था मिलाइएको छ । केन्द्रीय तहमा वातावरण तथा सामाजिक अध्ययन विभागको साथ उर्जा मंन्त्रालय र विद्युत विकाश विभाग संलग्न हुनेछन् । यसको अतिरिक्त विशेषज्ञहरुको टोलीले पनी समयसमयमा आयोजनाको अनुगमन गर्ने व्यवस्था गरिएको छ । त्यस्तै आयोजना तहमा आयोजनाको कार्यालय, वातावरण तथा सामाजिक व्यवस्थापन इकाइ, क्षतीपुर्ती निर्धारण समिती, ठेकेदार आदी पनी यस प्रतिवेदन कार्यावन्यन प्रति जवाफदेही हुनेछन् ।

११.वजेट

जोखिम समुदाय विकाश योजना  प्रतिवेदनको कार्यान्वयन गर्दा अनुमानित खर्च रकम रु २४.२३ मिलीयन हुने देखिन्छ । जसमा १६.२१ मिलियन घर जग्गा क्षतिपुर्ती र निजी रुखको क्षतीपुर्तीको लागी छुटइएको छ । जुन वजेट पुनर्रवास कार्ययोजनाको वजेटमा समावेस गरीएको छ । वाकी रु ८.०१ मिलीयन रकम जोखीम समुदाय विकास योजना कार्यक्रमहरु जस्तै सीपमुलक तालीम,समुदाय विकाश सहयोगको लागी छुटइएको छ ।  अनुगमन कार्यक्रमको लागत यसमा समावेश छैन ।

१२.निष्कर्ष

राष्ट्रिय महत्वको आयोजना भएको र मुल्याङ्कन पछीको े नतिजाको आधारमा आयोजनाले सामाजिक रुपमा पार्ने नकारात्मक प्रभाव  भन्दा तुलनात्म रुपमा सकारात्मक पक्ष सवल छ । त्यसैले आयोजना कार्यान्वयन गर्न संम्भव देखिन्छ ।